**निर्णयहरुः**

१.नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय तथ उक्त निर्णय कार्यान्वयनका लागि संघीय सरकार र प्रदेश सरकारले जारी गरेको लकडाउनको कारण असङ्गठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन,२०७६ आजको बैठकमा पेश भई छलफल गरिंदा यस नगरपालिकाले वितरण गर्ने राहतको मापदण्ड तपसिल अनुसार स्वीकृत गरी सोही आधारमा लक्षित समूहलाई राहत बितरण गर्ने निर्णय गरियो ।

**राहत प्याकेज**

| राहत सामाग्री | चामल | दाल | नुन | तेल |
|---|---|---|---|---|
| एकदेखि दुई जनासम्म सदस्य भएका परिवार | १०के.जी. | १ के.जी. | १ के.जी. | हाफ लिटर |
| तीनभन्दा बढी पाँच जनासम्म सदस्य भएका परिवार | १५ के.जी. | १.५ के.जि. | १ के.जी. | १ लिटर |
| पाँचजना भन्दा बढी सदस्य भएका परिवार | २० के.जी. | २ के.जी. | १ के.जी. | १.५लिटर |

२.राहत पाउने लक्षित समूह (श्रमिकवर्ग तथा असहाय) को बिवरण सम्बन्धित वडा कार्यालयले तयार गरी वडा अध्यक्षको सिफारिस सहित नगरपालिकामा पेश गर्ने, त्यसरी प्राप्त बिवरण अनुसारको राहत प्याकेज नगरपालिकाले तयार गरी सम्बन्धित वडा कार्यालयसम्म पठाउने र वडा कार्यालयले भिडभाड नहुने वातावरण मिलाई सामाजिक दुरी समेत कायम गरेर सम्बन्धित व्यक्तिलाई राहत बितरणको व्यवस्था मिलाउने ।

३.कोरोना भइरस (COVID-19) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि खोलिएको संघीय सरकारको कोषमा यस कार्यालयका कर्मचारीहरुबाट नेपाल सरकारको निर्णय बमोजिम र नगर सभाका सबै पदाधिकारीहरुले आफूले पाउने १५ दिन बराबरको सुविधा रकम जम्मा गर्ने । र नगरस्थित सबै सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुबाट समेत नेपाल सरकारको निर्णय बमोजिम (निजामती सेवाका कर्मचारी सरह) को तलब कट्टा गरी सो कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।

४.लकडाउनको अवधिमा खटिने नगरस्थित सबै स्वास्थ्यकर्मीहरुलाई निजहरुले पाउने शुरु तलब स्केल बमोजिम एक महिना बराबरको तलब प्रोत्साहन स्वरुप संघीय सरकारबाट हस्तान्तरित स्वास्थ्यकर्मीहरुको तलब खर्च शीर्षक नं.२११११ बाट उपलब्ध गराउने । र लकडाउनकै अवधिमा अत्यावश्यक सेवा प्रवाहको लागि खटाइएका कर्मचारी/स्वास्थ्यकर्मीहरुलाई खटिएको अवधिभर दैनिक रु.३००।- का दरले खाजा खर्च वापत खर्च शीर्षक नं.२२५२२ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च बजेट उपशिर्षकबाट उपलब्ध गराउने ।

५.COVID-19 को संभावित संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारका लागि यस नगरपालिकाले चालु आर्थिक बर्षका लागि स्वीकृत समपुरक कोषबाट रु.२०,६५,०००।-र कोरोना लगायत अन्य

महामारीजन्य रोग नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रमको बजेटबाट रु.२,५०,०००।-समेत गरी जम्मा रु.२३,१५,०००।- को कोष स्थापना गर्ने र सो कोषमा योगदान गर्न इच्छुक संघसंस्था, साहु महाजन, व्यापारी, समाजसेवी लगायतका महानुभावहरु समक्ष नगदी तथा जिन्सी सहयोगको लागि आव्हान सहित अपिल गर्ने ।

६.लकडाउनको समयमा लकडाउन पालना गराउने तथा स्थानीय जनताहरुको सुरक्षा कार्यका लागि नगरक्षेत्रमा खटिने नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरुलाई खाजा व्यवस्थापन गर्न एकमुष्ट रुपमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गालाई रु.५०,०००।- र सशस्त्र प्रहरी गुल्म ओखलढुङ्गालाई रु.२०,०००।- कार्यक्रम खर्च शीर्षक नं.२२५२२ बाट उपलब्ध गराउने ।